# समूह तथा सहकारीका कृषकहरुलाई भकारो सुधार तथा मलमूत्र व्यवस्थापन सहयोग कार्यक्रम कार्य सञ्चालन प्रक्रिया

*(कृषि तथा पशु पन्छी विकास मन्त्रालयको मिति २०७७/०६/११ को मन्त्रिस्तरीय निर्णयबाट स्वीकृत)*

## १. पृष्ठभूमि

गोठ/खोर सफा भएमा पशुमा लाग्ने रोगहरुमा कमी आई पशुको उत्पादकत्व बढ्छ र पशुपालनको लागत पनि कम हुन्छ। त्यस विपरित गोठ/खोरमा पानी जम्ने, सूर्यको प्रकाश नपश्ने र पर्याप्त हावा नखेल्ने भएमा वा त्यहाँ उत्पादन हुने गोबर र मूत्रको उचित व्यवस्थापन नगरिएमा गोठमा उत्पन्न हुने विभिन्न ग्याँसहरु र त्यहाँ वृद्धि हुने जीवाणु, वीषाणु तथा ढुसीले गर्दा निमोनिया, थुनेलो जस्ता रोगहरु देखापर्ने गर्छन्। यसको अलावा गोठ सफा नभएमा उत्पादन हुने दूध स्वच्छ नभई दूध उपभोग गर्ने उपभोक्ताको स्वास्थ्यमा समेत प्रतिकूल असर पर्नसक्छ ।

बाली उत्पादनमा पशुको गोबर र मूत्रको प्रयोग परम्परागतरुपमा हुँदै आएको छ । तर, अधिकांश कृषकहरुले गोबर र मूत्रको उपयुक्त व्यवस्थापन नगर्दा गोबरमा हुने पोषकतत्वहरु नष्ट हुने वा खेर जाने गरेको पाइएको छ । यसको साथै भूमण्डलीय तापक्रम वृद्धिका लागि जिम्मेवार मिथेन लगायतका हरितगृह ग्याँसहरु उत्सर्जनमा पनि उग्राउने पशुहरुको महत्वपूर्ण भूमिका रहने गरेको छ ।

अतः पशुका रोगहरुमा कमी ल्याई पशुपालनको उत्पादन लागत घटाउन, मलमूत्रमा भएका पोषक तत्वहरुको संरक्षण गर्न र हरितगृह ग्याँस उत्सर्जन कम गर्न समेत गोठ–खोरको सुधार र मल तथा मूत्रको उचित व्यवस्थापन गरिनु जरुरी भएकोले नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय (मन्त्रिस्तर) बाट यो समूह तथा सहकारीका कृषकहरुलाई भकारो सुधार तथा मलमूत्र व्यवस्थापन सहयोग कार्यक्रम कार्य सञ्चालन प्रक्रिया स्वीकृत गरिएको छ ।

## २. उद्देश्य

गोठ, खोर, भकारो सुधार र मलमूत्र व्यवस्थापन सहयोग कार्यक्रमका प्रमुख उद्देश्यहरु देहाय बमोजिम छनः

क) गाई/भैंसीको गोबर तथा मूत्रको उपयुक्त व्यवस्थापन गर्ने ।

ख) समूह तथा सहकारीका सदस्यहरु बीच गोठ तथा खोर सुधार गर्ने कार्य प्रदर्शन गर्ने ।

ग) घरपालुवा पशुका रोगहरु कम गराई उत्पादन लागत घटाउने र उत्पादकत्व बढाउने ।

घ) दूधको स्वच्छता वृद्धि गर्ने ।

ङ) गोबरको उर्वरा शक्ति संरक्षण गर्ने ।

च) हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरणमा सहयोग गर्ने ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## ३. कार्यक्रम सञ्चालन हुने स्थान

यो कार्यक्रम नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाको कार्यक्षेत्र भित्र सञ्चालन गरिने छ ।

## ४. कार्यक्रम कार्यान्वयन प्रक्रिया

### ४.१ सहभागी छनौट

क) स्वीकृत वार्षिक कार्यक्रम र बजेटको आधारमा प्रत्येक विकेन्द्रीकृत आयोजना सहयोग इकाईले एक आर्थिक वर्षमा गोठ तथा भकारो सुधार कार्यक्रममा सहभागी गराइने फार्महरुको संख्या एकीन गर्ने।

ख) निर्धारित फार्महरुको संख्याको आधारमा कार्यक्रममा सहभागी हुन इच्छुक कृषक समूह वा सहकारीहरु छनौट गर्न सार्वजनिक सूचना प्रकाशन गरी कृषक समूह र सहकारीबाट माग र अनुसूची -२ बमोजिमको विवरण संकलन गर्ने।

ग) कार्यक्रममा सहभागी हुने कूल कृषक संख्या, समूह/सहकारीमा पालन गरिएका उन्नत गाई तथा भैंसी संख्या र समूहले दुग्ध उत्पादक सहकारी संस्थालाई र दुग्ध उत्पादक सहकारी संस्थाहरुले दुग्ध उद्योगहरुलाई बिक्री गर्ने दूधको परिमाणको आधारमा विकेन्द्रीकृत आयोजना सहयोग इकाईले यो कार्यक्रममा सहभागी हुने कृषक समूह तथा सहकारी संस्थाहरुको मागको अनुसूची -३ बमोजिम मूल्याङ्कन गरी कार्यक्रमका सहभागी कृषक समूह वा सहकारी छनौट गर्ने।

घ) यो कार्यक्रम सञ्चालन गर्न छनौट भएका कृषक समूह वा सहकारी संस्थाले कम्तिमा पनि २ वटा उन्नत वयस्क पशु (गाई/भैंसी) पालेका र दूध उत्पादन गरी बिक्री गरिरहेका सदस्य कृषकहरुलाई मात्र समावेश गरी यो कार्यक्रम सञ्चालन गर्ने ।

ङ) यस कार्यक्रममा सहभागी हुने कृषकको गोठको मापदण्ड अनुसूचि-१ अनुसार हुनुपर्ने।

च) कार्यक्रममा सहभागी हुन इच्छुक कृषकले बधुवा पालन गरेर गाई/भैंसी पालिरहेको हुनुपर्ने ।

### ४.२ सहयोग प्रदान गरिने क्रियाकलापहरु

क) कृषकको भइरहेको गोठ तथा भकारो सुधारका देहाय अनुसारका कामहरु गर्न स्वीकृत वार्षिक बजेटको आधारमा कम्तिमा २ र बढीमा ५ वयस्क गाई/भैंसीको लागि काम सम्पन्न भइसकेपछि गाईभैंसीको संख्याको आधारमा सहयोग प्रदान गर्ने ।

ख) यस कार्यक्रम अन्तर्गत सहयोग प्राप्त गर्न तल तालिकामा उल्लेख गरिएका क्रियाकलापहरु सम्पन्न गर्नुपर्ने ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

| क्र.सं. | क्रियाकलाप | परिमाण/नाप | कैफियत |
|---|---|---|---|
| १ | **<u>गोठ सुधारः</u>** गोठको सतह पानी नजम्ने बनाउने काम | प्रति वयस्क पशु ६ वर्ग मीटरका दरले | |
| २ | **<u>मूत्र व्यवस्थापनः</u>** पशुको पिसाब बग्ने नाली बनाउने र पिसाब संकलन गर्ने ट्यांक खरिद वा निर्माण | प्रति वयस्क पशु २५ लिटरका दरले | |
| ३ | **<u>गोबर संकलन खाडल निर्माणः</u>** गोबर नबग्ने गरी जम्मा गर्ने खाडल निर्माण | प्रति वयस्क पशु २.५ वर्ग मीटरका दरले | |
| ४ | **<u>छानो र बारः</u>** बर्षातमा गोबर मल नभिज्ने गरी मल खाडल माथि छानो बनाउने र सम्भावित दुर्घटना रोक्न मल खाडलको चारैतिर बार लगाउने। | | |

### ४.३ क्रियाकलाप कार्यान्वयन

क) समूह वा सहकारी मार्फत छनौट गरिएका कृषकहरुलाई भेला गराई कार्यक्रममा आयोजना, समूह/सहकारी र कृषक तीनै पक्षले गर्नुपर्ने काम बारे स्पष्ट पार्ने।

ख) कुनै कृषकको भइरहेको गोठ सुधार गर्न उपयुक्त नभएमा कृषकले आफ्नो खर्चमा नयाँ बनाउन पनि सक्ने तर, गोठ बनाउने खर्चमा भने आयोजनाले सहयोग प्रदान नगर्ने।

ग) कार्यक्रममा सहभागी हुने कृषकको गोठ अनुगमन गरी पशु संख्या पर्याप्त भएको र विद्यमान गोठको अवस्था सुधार गर्न उपयुक्त भएको ठहर गरेपछि मात्र समूह र सहकारीलाई कार्यक्रममा सहभागी गराउने निर्णय गर्ने।

घ) गोठ तथा भकारो सुधारको काम समूह, सहकारी र कृषकले आफै सम्पन्न गर्ने।

ङ) काम सम्पन्न भएपछि समूह वा सहकारीको प्रतिवेदन पशु सेवा सामाजिक परिचालक मार्फत प्राप्त भएपछि विकेन्द्रीकृत आयोजना सहयोग इकाईले निर्णय गरे अनुसार स्थानीय तहको पशु सेवा शाखा, प्रदेश मातहतको जिल्ला स्थित पशु सेवा हेर्ने कार्यालय वा विकेन्द्रीकृत आयोजना सहयोग इकाई प्रमुखले तोकेको व्यक्तिको अनुगमन प्रतिवेदन र सिफारिसको आधारमा सम्पन्न कामको सम्झौता अनुसारको रकम समूह वा सहकारीलाई बैंक मार्फत भुक्तानी दिने।

## ५. अनुगमन तथा मूल्याङ्कन

क) यो कार्यक्रमको नियमित अनुगमन पशु सेवा सामाजिक परिचालक लगायत आयोजनामा कार्यरत पदाधिकारी तथा परामर्शदाताहरुले गर्नेछन्।

ख) विकेन्द्रीकृत आयोजना सहयोग इकाईले व्यवस्था गरे अनुसार प्रदेश मातहतको जिल्ला स्थित पशु सेवा हेर्ने कार्यालय तथा स्थानीय तहको पशु सेवा शाखाहरु पनि अनुगमनमा सहभागी हुनसक्ने छन्।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची -१

समूह तथा सहकारीका कृषकहरुलाई भकारो सुधार तथा मलमूत्र व्यवस्थापन सहयोग कार्यक्रममा सहभागी हुने गोठको न्यूनतम मापदण्ड

१. गोठमा प्रति वयस्क पशु ६ वर्ग मीटरका दरले ठाउँ उपलब्ध हुनुपर्ने,

२. गोठ अग्लो ठाउँमा र बर्षातको पानी नपस्ने र नजम्ने प्रकारको हुनुपर्ने,

३. गोबर तथा मूत्र संकलन गर्ने नाली तथा खाडल बनाउन उपयुक्त हुनुपर्ने ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची–२

क. समूह तथा सहकारीका कृषकहरुलाई भकारो सुधार तथा मलमूत्र व्यवस्थापन सहयोग कार्यक्रममा सहभागी हुन इच्छुक समूह तथा सहकारीबाट माग संकलन फाराम

१. समूह/सहकारी परिचय

१.१ समूह सहकारीको नामः

१.२ समूह सहकारीको ठेगानाः

१.३ स्थापना वर्षः

१.४ सदस्य संख्याः

१.४.१ पुरुषः　　　　१.४.२ महिला　　　　१.४.३ जम्मा

१.५ समूह सहकारीको उद्देश्यः

क)

ख)

ग)

२. समूह सहकारीमा गाई/भैंसी पालन विवरण

| क.सं. | सहभागी हुने कृषकको नाम | वयश्क गाई संख्या | | वयश्क भैंसी संख्या | | वार्षिक उत्पादन हुने दूध (लि) | वार्षिक बिक्री गर्ने दूध (लि) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | उन्नत | स्थानीय | उन्नत | स्थानीय | | | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

**ख.** समूह तथा सहकारीका कृषकहरु लाई भकारो सुधार तथा मलमूत्र व्यवस्थापन सहयोग कार्यक्रममा सहभागी हुन इच्छुक समूह तथा सहकारीको निवेदनको ढाचा

**श्री प्रमुखज्यू,**

विकेन्द्रीकृत आयोजना सहयोग इकाई

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना

विराटनगर/हेटौंडा/बुटवल/पोखरा।

महोदय,

उपरोक्त सम्बन्धमा आयोजनाबाट सञ्चालन गरिने समूह तथा सहकारीका कृषकहरुलाई भकारो सुधार तथा मलमूत्र व्यवस्थापन सहयोग कार्यक्रममा यो कृषक समूह/सहकारी संस्था समेत सहभागी हुन इच्छुक भएकोले समूह/सहकारी संस्थाको मिति ..... ...... निर्णयानुसार सहभागी गराइदिन अनुरोध सहित आवश्यक विवरण पेश गरेका छौं । कार्यक्रम पैभावकारीरुपमा सञ्चालन गर्न र सञ्चालन गर्नेक्रममा आयोजनाबाट प्राप्त हुने अनुदान सहयोग बाहेकको थप लगानी गर्न यो समूह/सहकारीका सदस्यहरु र यो समूह/सहकारी मञ्जुर भएको व्यहोरा समेत अनुरोध गर्दछौं ।

........ .........

अध्यक्ष/सचिव

## अनुसूची - ३

समूह तथा सहकारीका कृषकहरुलाई भकारो सुधार तथा मलमूत्र व्यवस्थापन सहयोग कार्यक्रमका सहभागी कृषक समूह तथा सहकारी छनौटका आधारहरु:

| क्र.सं. | कृषक समूह/सहकारी | जम्मा सदस्य संख्या | जम्मा वयस्क पशु संख्या | उन्नत गाई संख्या | वार्षिक दूध बिक्री (लिटर | उन्नत भैंसी संख्या | वार्षिक दूध बिक्री (लिटर) | छनौट गर्ने वा नगर्ने निर्णय | निर्णय गर्ने कारण |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

........................ ............................ ................................................

जिम्मेवार अधिकृत | दुग्ध मूल्य शृंखला विज्ञ | विकेन्द्रीकृत आयोजना सहयोग इकाई प्रमुख

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची -४

## सम्झौता पत्रको नमूना

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना, आयोजना व्यवस्थापन कार्यालय वा विकेन्द्रीकृत आयोजना सहयोग इकाई, ..... ...... (यसपछि पहिलो पक्ष भनिएको) र..... ...... ...... (सहकार्य गर्ने संस्था, यसपछि दोस्रो पक्ष भनिएको) बीच तपशीलका शर्तहरुको अधिनमा रही समूह/सहकारीमा भकारो सुधार तथा मलमूत्र व्यवस्थापन सहयोग कार्यक्रम सञ्चालन कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा यो सम्झौता सम्पन्न भयो ।

सम्झौताका शर्तहरु

१. स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रथम पक्षले गरेको आह्वान अनुसार पेश गरेको प्रस्तावमा समावेश सदस्यहरुलाई दोस्रो पक्षले कार्यक्रम कार्यान्वयनमा सहभागी गराउने छ।

२. कार्यक्रम सञ्चालन गर्दा तपशील अनुसारका कृषकहरुको गोठमा दोस्रो पक्षले सम्पन्न गर्नुपर्ने छ।

| क्र.सं. | सदस्य कृषकको नाम | वयस्क पशु संख्या | गाई वा भैंसी | गोठको सतह सुधार (वर्ग मीटर) | मूत्र संकलन ट्याङ्क खरिद वा निर्माण (लिटर) | गोबर भण्डारण खाडल निर्माण (टन) |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |

३. प्रस्तावमा संलग्न सबै सहभागी सदस्यहरुले गोठ सुधार तथा भकारो सुधारका क्रियाकलापहरु सम्पन्न गरेको अनुगमन प्रतिवेदन प्राप्त भएपछि मात्र प्रथम पक्षले दोस्रो पक्षलाई सहयोग रकम उपलब्ध गराउने छ ।

४. प्रथम पक्षले कुनै पनि समयमा क्रियाकलाप कार्यान्वयनको अनुगमन गर्न र सल्लाह दिन सक्ने छ ।

५. दोस्रो पक्षको योजना कार्यान्वयन प्रगति सन्तोषजनक नभएमा, सम्झौतामा प्रथम पक्षको सहमति बिना फेरबदल गरिएमा वा प्रथम पक्षले कुनै पनि बेला यो सम्झौता रद्द गर्न सक्ने छ ।

**प्रथम पक्षबाट दस्तखत गर्नेको**

नाम

पद

दस्तखत

कार्यालयको छाप संस्थाको छाप

**दोस्रो पक्षबाट दस्तखत गर्नेको**

नाम

पद

दस्तखत

**साक्षीको**

नाम ठेगाना दस्तखत